# आयोजनाको नाम : अर्ध शहरी खानेपानी वितरण क्षमता अभिवृद्धि आयोजना

लक्षित क्षेत्र: झापा र मोरङ्ग जिल्ला

आयोजनाको अवधि: जनवरी २०१० देखि सेप्टेम्बर २०१३

आयोजनाको अवधारणा तथा उद्धेश्यहरु :

जाइकाको प्राविधिक सहयोगमा नेपालको अर्ध शहरी क्षेत्रहरुमा खानेपानी वितरण व्यवस्थापन सुधार गर्न जनवरी २०१० वाट शुरु गरिएको क्षमता अभिवृद्धि आयोजना सेप्टेम्बर २०१३ सम्म कार्यान्वयन गरिनेछ। खानेपानी वितरण सेवामा सुधार ल्याउन र नेपाली जनताहरुलाई शुद्ध पानी उपलब्ध गराउन खानेपानी वितरण प्रणालीका संरचनाहरु, दक्ष जनशक्तिको विकास र खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुको व्यावसायिक व्यवस्थापनमा सुधार जस्ता प्राविधिक सुधारका कार्यहरुमा ध्यान दिनु जरुरी हुन्छ । यस सन्दर्भमा खानेपानी तथा ढल निकास विभाग पनि उपभोक्ता समितिहरुलाई सहि तरिकाले मार्ग निर्देशन गर्न र आवश्यक टेवा उपलब्ध गराउन सक्षम हुनुपर्दछ ।

यस आयोजनाका उद्धेश्यहरु निम्नानुसार छन :

क) खानेपानी तथा ढल निकास विभाग र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरुको प्राविधिक पक्ष सुदृढीकरण गरी मोरङ्ग र झापा जिल्लाका खानेपानी आयोजनाहरुमा खानेपानी वितरण सुधारका कार्यक्रमहरु सन्चालन गर्ने ।

ख) जाइका विशेषज्ञ टोली स्वयंले खानेपानी तथा ढल निकास विभाग सँग सहकार्य गरी धुलावारी, गौरादह र मानगढ समेत ३ वटा खानेपानी आयोजनाको खानेपानी वितरण प्रणालीमा सुधार ल्याउने ।

ग) उपभोक्ता समितिहरुको प्राविधिक पक्षलाई सुधार गरी खानेपानी वितरण सेवा सुदृढ गर्ने कार्यक्रमहरु संचालन गर्न जाइका विशेषज्ञ टोलीले खानेपानी तथा ढल निकास विभागलाई सहयोग गर्ने ।

घ) प्राविधिक एवं व्यवस्थापन पक्ष सुधारको प्रकृयाहरुलाई मोडेल/म्यानुअल को रुपमा तयार गर्ने, जुन मोडेल/म्यानुअल खानेपानी तथा ढल निकास विभागले देशका अन्य खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुको क्षमता अभिवृद्धिको लागि प्रयोग गर्नेछ ।

२०६८ माघ २६ र २७ गते विराटनगरमा आयोजना गरिएको झापा र मोरङ जिल्लाका खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुको लियाजन कन्फेरेन्स र व्यवस्थापन मोडल सम्वन्धी कार्याशाला गोष्ठीमा आयोजकका तर्फवाट प्रस्तुत विचारहरु :

**दिपक पुरी, सि.डि.ई, खानेपानी तथा ढल निकास विभाग**



जापान सरकारको सहयोगमा सुधार विस्तार एवं स्तरोन्नति गरिएको झापाको धुलावारी, गौरादह र मोरङ्गको मानगढ खानेपानी आयोजनाहरुवाट वितरित खानेपानी सेवा सुधार एवं सुदृढीकरण गर्न जापान सरकारको सहयोगमा यो क्षमता अभिवृद्धि सम्वन्धी आयोजना संचालन भैरहेको यहाँहरुलाई विदितै छ । जापान सरकारको सहयोगमा निर्मित संरचनाहरु शुद्ध एवं गुणस्तरीय खानेपानी वितरणका लागि निर्माण गरिएका हुनाले ती संरचनाहरु दिगो राख्न र आयोजनावाट उपभोक्तालाई स्तरीय खानेपानी सेवा उपलब्ध गराउन मद्दत पुगोस भन्ने हेतुले यस आयोजनावाट ३ वटा उपभोक्ता समितिहरुको प्राविधिक तथा व्यवसायिक क्षमता अभिबृद्धि गर्ने कार्य भैरहेको छ। खानेपानी तथा सरसफाइ डिभिजनसंगको सहकार्यमा जाइका विशेषज्ञ टोलीको २ वर्षको मिहिनेतको नतिजाका रुपमा आयोजनाको शुरुवातको समयमा भन्दा ३ वटै उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि भएको र संचालन तथा मर्मतको कार्य पनि पहिलेको तुलनामा राम्रो भएको पाइएको छ। झापा र मोरङ्गका यी ३ आयोजनाका अतिरिक्त क्षमता अभिबृद्धिको लागि छानिएका अन्य १७ आयोजनामा पनि जापानी टोलीको सहयोग लिई खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरुले क्रमश: क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरु संचालन गर्नेछन र यहाँको अनुभववाट तयार हुने मोडेललाई क्रमश: देशका अन्य उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा प्रयोग गर्दै जानेछ । यसवाट उपभोक्ता समितिहरुले भोगिरहेका समस्याहरु केहि हद सम्म निवारण गर्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौं। क्षमता अभिवृद्धि सम्वन्धी कार्यलाई निरन्तरता दिन खानेपानी तथा ढल निकास विभागको केन्द्रीय जनसाधन विकास इकाई र जाइका एक्सपर्टहरुको सहकार्यमा मास्टर प्रशिक्षकहरु तयार गरिनेछ।

**मनोज घिमिरे, पूर्वाञ्चल क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, क्षेत्रीय प्रमुख**



यस प्रोजेक्ट द्धारा आयोजित २ दिने गोष्ठिले ३ वटा उपभोक्ता समितिहरुले सिकेका कुराहरु अन्य उपभोक्ता समितिहरुसँग बाँडने अवसर पाएको र साथै आफना समस्याहरु, त्यसको निवारण र निवारणका उपाएहरुका बारेमा पनि आफनो कुरा बाँडने अवसर प्राप्त भएकोले यसले पनि क्षमता अभिवृद्धिमा विकास भएको छ भन्ने हामीलाई लागेको छ ।लजिस्टिक सर्पोट उपलब्ध गराइदिनु भएकोमा जाइका टिम प्रति आभार ब्यक्त गर्न चाहन्छौं । ३ वटा उपभोक्ता समितिहरुमा भैरहेको क्षमता अभिवृद्धिको कार्यक्रम धेरै नै उपलब्धीमूलक हुने कुरामा आशावादी छौं । जाइका विशेषज्ञ टोलीले तयार गरेको व्यवस्थापन मोडेल धेरै नै राम्रो भएको र

यसलाई हामीले यथार्थवादी तरीकामा अपनाइनु पर्छ । व्यवसायिक मोडेल तयार पार्दा वर्तमान विभिन्न पक्षहरुलाई रिभाइज गर्दै तयार पार्नु पर्छ भन्ने सुझाव दिन चाहन्छौं । यस्ता किसिमका छलफल कार्यक्रमले वास्तविक अवस्थाको विश्लेषणमा सहयोग पुऱ्याउने र सहभागिहरुको ब्रेन स्टोमिङ्गमा पनि यसले धेरै मद्दत पुऱ्याउँछ ।

**श्याम प्रसाद उपाध्याय, डिभिजन प्रमुख, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मोरङ्ग**



क्षमता अभिवृद्धि प्रोजेक्टको उद्देश्य भनेको खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका स्टाफहरु तथा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका सदस्यहरुको क्षमता अभिवृद्धीमा विकास पुऱ्याउने ट्रेनिङ्गहरु दिई उनिहरुले सिकेका कुराहरु क्रमैसँग अन्य उपभोक्ता समितिहरुमा पनि फैलाइनु हो । यस प्रोजेक्टको शुरुवाटका योजनाहरुमा धुलाबारी, गौरदह र मानगढ पर्दछन । हामीले झापा र मोरङ्ग दुई खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट प्राप्त गरेका उपलब्धीहरुलाई अन्य उपभोक्ता समितिहरुमा पनि फैलाउँदै अन्त्यमा पुरै देशमा फैलाउने र साथै ३ वटा उपभोक्ता समितिहरुबाट सिकेका कुराहरुबाट क्षमता अभिवृद्धिको मोडेल तयार पारी त्यसलाई अन्य उपभोक्ता समितिहरुमा पनि कार्यान्वयन गर्ने सोच रहेको छ ।
एक्सपर्टहरु द्वारा संचालन गरिने ओ.जे.टी तथा ट्रेनिङ्गहरु धेरै उपलब्धीमूलक भएकोले हामीले यसमा सिकेका कुराहरुलाई अन्य उपभोक्ता समितिहरु सँग पनि बाँडनु पर्दछ। प्रोजेक्टबाट तयार पारिएको व्यवसायिक मोडेल उदाहरणिय बन्ने छ भन्ने कुरामा हामी आशावादी छौं र यसले उपभोक्ता समिति स्वयंलाई सक्षम बनाउन मद्दत पुर्‍याउँछ भन्ने हामीलाई लागेको छ । हामीले यि २ वर्षको अवधिमा जाइका एक्सपर्टहरुबाट व्यवसायीक र प्राविधिक क्षेत्रका धेरै राम्रा र महत्वपूर्ण कुराहरु सिक्ने अवसर पाएका छौं ।

**जगन्नाथ पूर्वे, डिभिजन प्रमुख, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा**



जाइका एक्सपर्ट टोलीबाट दिइएका ओ .जे.टि तथा वर्कसप (गोष्ठी)हरुबाट खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका कर्मचारीहरु तथा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका सदस्यहरु धेरै सक्षम भएका छन । गएको गोष्ठिमा ३ उपभोक्ता समितिहरुद्वारा व्यवसायीक योजनाका बारेमा प्रस्तुत गरेका प्रस्तुती धेरै नै प्रशंसनीय छ । यसरी उपभोक्त समितिहरु सुधारका बाटोमा अघि बढन थालेको पनि जाइका एक्सपर्टहरुको सर्पोटको नतिजा हो भन्ने मलाई लाग्दछ। अर्को कुरा यस्ता समुहगत छलफलहरुले विद्यमान समस्याहरुको विश्लेषण गर्नमा मद्दत गर्ने र फलदायी पनि हुन्छ जसले यस अयोजनाहरुमा सुधार ल्याउनको लागि धैरै मात्रामा मद्दत पुऱ्याउँछ भन्ने मलाई लाग्दछ ।
यस क्षमता अभिवृद्धि कार्यक्रमका कारण कर्मचारीहरु तथा समितिका सदस्यहरु आफ्ना आफ्ना समस्याहरु आफै समाधान गर्नमा धैरै मात्रामा सक्षम भैसकेका छन जुन कुरा यस प्रोजेक्टको धेरै ठूलो उपलब्धी हो भन्ने मलाई लाग्दछ । त्यस्तै गरी यस जाइका प्रोजेक्टको सुरुवाट देखि हामीले धुलाबारी तथा गौरादह उपभोक्ता समितिहरुबाट पहिले भन्दा तुलनात्मक रुपमा कम गुनासाहरु पाउने गरेका छौं । त्यसैले हामी खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरुलाई संरचनाहरुको नियमित मर्मत सम्भारको सुझाव दिन चाहन्छौं जसले योजनालाई दिर्घकालीन बनाउँछ ।

**नोरिहिसा टाओका, टिम लिडर, जाइका एक्सर्पट टिम**



केन्द्रिय जनसाधन विकास इकाईका प्रमुख राजिब घिमिरेज्यु बाट प्रोजेक्टको अनुगमन तथा मुल्याङ्कनको नतिजा सन्तोषजनक रहेको कुरालाई हामी प्रोजेक्टको राम्रो प्रभावको रुपमा लिन्छौं । हामीले चुहावट नियन्त्रण, कम्प्युटराइज्ड बिलिङ्ग तथा लेखाप्रणाली जस्ता ध्यान पुऱ्याइनु पर्ने कुराहरु पनि देख्यौं जसलाई हामीले आगामी दिनका चुनौतीका रुपमा लिएका छौं । समूहगत छलफलका आधारमा हामीले जनचेतनामूलक कार्यक्रम, महसूल नियन्त्रण तथा पानी गुणस्तर नियन्त्रण जस्ता कुराहरुलाई उपभोक्ता समितिहरुका प्रमुख समस्याका रुपमा पायौं । त्यस्तै गरि जनसाधनमा कमी हुनुलाई सबै उपभोक्ता समितिहरुका साझा समस्याका रुपमा पायौं ।
तसर्थ उपभोक्ता समितिहरुको व्यवस्थापन प्रणालीमा सुधार ल्याउनका लागि हामी झापा र मोरङ्ग जिल्लाका ३ वटा उपभोक्ता समितिहरुमा कार्यान्वयन भैरहेको व्यवस्थापन मोडेलका बारेमा जानकारी दिन चाहन्छौं । प्रोजेक्टको समग्र उद्देश्यको रुपमा यस मोडेलका प्रकृया र प्रणालीहरुलाई अन्य सबै उपभोक्ता समितिहरुमा पनि फैलाउने काम गरिन्छ । व्यवस्थापन मोडेलका बारेमा भन्नु पर्दा यसले प्रमुख ४ पक्षहरु संरचनात्मक, मानसिक, कार्यविधि र कम्प्यूटराइजेसनमा जोड दिएको छ । तर यि चारैवटा पक्षलाई पूर्ण रुपमा पूरा गर्न करीब करीब असम्भव नै हुन्छ तसर्थ तथ्यपरक कुरालाई प्रयोगमा ल्याउनु राम्रो हुन्छ । हामीलाई यि ३ वटा उपभोक्ता समितिहरु धुलाबारी गौरादह र मानगढ यस व्यवस्थापन मोडेलका लागि राम्रो उदाहरण हो जस्तो लाग्दछ । र, अन्त्यमा हामी सबै उपभोक्ता समितिहरुलाई व्यवस्थापन पक्षको अनुगमनको लागि कार्य क्षमता सूचक बनाउन अनुरोध गर्दछौं ।